वीरगंज महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वीरगंज, पर्सा
२ नं.प्रदेश (नेपाल)
२०७४
प्रमुख प्रशासकिय अधिकृत

# यातायात तथा सवारी ब्यबस्थापन कार्यबिधि-२०७६

## वीरगञ्ज महानगरपालिका

आदर्शनगर, वीरगञ्ज, पर्सा

प्रदेश नं-०२, नेपाल

**वीरगञ्ज राजपत्र**

स्थानिय सरकार

**वीरगंज महानगरपालिका द्धारा प्रकाशित**

खण्ड (३) वीरगंज भाद्र गते २०७६ साल संख्याः १

भाग– २

वीरगंज महानगरपालिका स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ को (२) बमोजिम वीरगंज महानगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्याविधि सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

संवत २०७६ सालको कार्याविधि नं –१

कार्याविधिको नाम –यातायात तथा सवारी व्यवस्थापन सम्बन्धी कार्यविधि -२०७६

**प्रस्तावना**

दक्षीण तर्फ भारतको रक्सौल शहर उत्तरतर्फ पर्सा गढी नगरपालिका तथा वारा जिल्लाको जितपुर सिमरा उपमहानगरपालिका क्षेत्र पुर्वतर्फ वारपार बारा जिल्ला पश्चिम तर्फ विन्दवासीनी गाउँपालिका तथा बहुदरमाइ नगरपालिका सम्म जोडीएको व्यापारिक एवं आर्थिक नगरिको रुपमा मुलकैभर परिचित वीरगंज महानगरपालिकाको क्षेत्राधिकार भित्र परी नगर क्षेत्रमा गुडने सबै किसिमका सवारी साधानहरुको दर्ता, रुट निर्धारण, संचालन अनुमती, नविकरण र खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन, पार्किङ क्षेत्र र स्टपेज निर्धारण एवं अपाङगता र लैङिगमैत्री यातायात प्रणालीको स्थानिय तहमा प्रर्बद्धन गर्दै व्यवस्थित रुपमा संचालन गर्नका लागी वीरगंज महानगरपालिकाको कार्यपालिका बैठकले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११(७) बमोजिम यो सवारी तथा यातायात व्यवस्थापन कार्यविधि २०७६ बनाइ जारी गरेको छ ।

वीरगंज महानगरपालिका नगरकार्यपालिकाको कार्यालय वीरगंज, पर्सा (नेपाल) २ नं.प्रदेश २०७४

प्रमुख प्रशासकिय अधिकृत

परिच्छेदः–१

संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ**

क. यस कार्यविधिको नाम वीरगंज महानगरपालिकाको सवारी तथा यातायात व्यवस्थापन कार्यविधि -२०७६ रहनेछ।

ख. यो कार्यविधि वीरगंज महानगरपालिकाको कार्यापालिकाबाट पारित भइ प्रमुख प्रशासकिय अधिकृतले प्रमाणिकरण गरेपश्चात लागु हुनेछ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "कार्यविधि" भन्नाले वीरगंज महानगरपालिकाको यातायात व्यवस्थापन कार्यविधि -२०७६ लाइ सम्झनु पर्नेछ।

ख. "कार्यापालिका" भन्नाले वीरगंज महानगरपालिकाको कार्यापालिकालाइ जनाउनेछ।

ग. "तोकिएको" वा "तोकिए" बमोजिम भन्नाले यस कार्यविधि वा नगरकार्यपालिका बैठकले बेलाबेलामा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

घ."ऐन" भन्नाले सवारी तथा यातायात व्यवस्था सम्बन्धी ऐन २०४९ लाइ सम्झनु पर्नेछ।

ङ. "सवारी"भन्नाले वीरगंज महानगरपालिका भित्र (निजी, सार्वजनिक तथा सरकारी) चल्ने साइकल, टाँगा, रिक्सा, इ-रिक्सा, सबै किसिमका मोटरसाइकल, टेम्पु, ट्याक्सी, कार, जिप, भ्यान, माइक्रो बस, स्कुल बस, मिनि बस, बस तथा समान बोक्ने मिनि ट्रक लगायतका सबै किसिमका सवारीलाइ सम्झनु पर्दछ।

**३. उदेश्य**

यस कार्यविधिको उदेश्य निम्न अनुरुप रहेको छ।

क) वीरगंज महानगरपालिका भित्र संचालन हुने सवारी साधनहरुलाइ व्यवस्थित रुपले संचालन गर्ने।

ख) सार्वजनिक सवारी साधानहरुका लागी पार्किङ स्थल तोक्ने।

ग) सार्वजनिक रुपमा संचालन हुने भाडाका सवारी साधानहरुको रुट तोक्ने र इजाजत दिने।

घ) आवश्यक्ता अनुरुप महानगरपालिका क्षेत्रमा निजि क्षेत्रका अतिरिक्त महानगरपालिकाले आफनै तर्फबाट नगरवस संचालन गर्ने।

ङ) सम्पुर्ण नगरवासिको सार्वजनिक यातायातमा पहुँच बृद्धी गर्नका लागी सबै वडामा पुग्ने गरी नगर बस संचालनमा ल्याउने।

च) महानागरपालिका भित्र संचालन हुने भाडामा सवारी साधनहरुको दर्ता एवं नविकरण प्रकृयालाइ व्यवस्थित गर्ने।

छ) नगर क्षेत्रमा विशेषगरी ट्राफिक भिडभाड रहने र जाम हुने क्षेत्रमा जिल्ला ट्राफिक कार्यालय सँग समन्वय गरी वन वे तोक्ने।

ज) निजी तथा सार्वजनिक सवारी साधनहरुको लागी श-शुल्क पार्किङ स्थलको निर्माण र संचालन गर्ने।

वीरगंज महानगरपालिका नगरकार्यपालिकाको कार्यालय वीरगंज, पर्सा २ नं. प्रदेश (नेपाल) २०७४

प्रमुख प्रशासकिय अधिकृत

झ) नगरक्षेत्र भित्र संचालन हुने सबै किसिमका सार्वजनिक सवारी साधनको पार्किङ स्थलका साथै सवारी साधन रोक्ने ठाउँ तय गर्ने ।

ञ) यस महानगरपालिका अन्य स्थानीय तहमा दर्ता भएका सवारी साधनहरु यस नगर क्षेत्रभित्र प्रवेश गर्दा यस कार्यबिधिमा उल्लेख भएका व्यबस्थाहरुलाई अनिवार्य रुपमा पालन गर्नु पर्नेछ।

ट. नगर कार्यपालिकाले तोके बमोजिम नगरवासिको हित हुने गरी संचालन गर्ने सवारी साधानलाइ सवारीकर/ शुल्क छुट दिने।

**४. कार्यविधि कायान्र्वयनका लागी कार्यदल**

यो कार्यविधि अनुरुप सवारी साधन व्यवस्थापन एवं सञ्चालनका लागी गर्नु पर्ने आवश्यक निर्णयहरु गर्ने प्रयोजनका निम्ती निम्न बमोजिम कार्यदल रहने छ। यो कार्यदलले गरेको सिफारिस अनुसार कार्यपालिकाले आवश्यक निर्णय गर्नेछ।

क. भौतिक पुर्वाधार समितिको संयोजक – संयोजक

ख. सम्बन्धित सवारी साधन व्यवस्थानपनका लागी गठित संस्थाहरु भए संस्थाको तर्फबाट नगरपालिकाले माग गरे बमोजिम आएको प्रतिनिधि र संस्था नभए व्यवसायी मध्येबाट एक जना –सदस्य

तर, जुनवर्गको सवारी साधनको विषयमा निर्णय लिन वा सिफारिस गर्नुपर्ने हो सोही वर्गको सवारी साधनको संस्थाको प्रतिनिधि वा व्यवसायीलाइ समेत आमन्त्रित सदस्यको रुपमा राखिने छ।

ग. जिल्ला ट्राफिक कार्यालयको प्रतिनिधि– सदस्य

घ. नगर प्रमुखले तोकेको नागरिक समाजको सदस्य – सदस्य

ङ. नगर प्रमुखले तोकेको ट्राफिक व्यवस्थापन विज्ञ– सदस्य

च. महानगरपालिका कार्यालयको सडक तथा यातायात व्यवस्था शाखाको प्रमुख– सदस्य सचिव

**५. कार्यविधि लागु हुनेः-** टाँगा, रिक्सा, अटो-रिक्सा, इ-रिक्सा, सबै किसिमका मोटरसाइकल, टेम्पु, ट्याक्सी,कार, जिप, भ्यान, माइक्रो बस, स्कुल बस, मिनि बस, बस तथा समान बोक्ने ट्रक तथा मिनि ट्रक लगायतका हकमा लागु हुनेछ।

**६. सवारी साधनको दर्ता र नविकरणः**

क. महानगरपालिका भित्र चल्ने स्थानिय सरकार संचालन ऐन २०७४ ले नगरपालिकाले नियमन गर्न पाउने सबैखाले सार्वजनिक सवारी साधनहरु नगर कार्यापालिकाको कार्यालयले तोकेको प्रकृया पुरा गरी लाग्ने शुल्क सहित अनुसूची-१ को ढाँचामा निबेदन दर्ता गराउनु पर्नेछ। कार्यालयले सवारी नम्बर बितरण गर्दा अटो रिक्सा सवारीमा संकेत जोर अंकमा र ई-रिक्साको नम्बर बितरण गर्दा बिजोर अंकमा उपलब्ध गराउने छ ।

साविकमा नगरपालिकामा रकम दाखिला गरी सिफारिस पत्र गरेको आधारमा कार्यालयबाट निर्धारण गरिए बमोजिम ढाँचाको रूट ईजाजत प्राप्त गरी संचालनमा रहेका सवारीमा वार्षिक नबिकरण दस्तुर लिई अध्यावधिक गर्नै र नगरपालिकाबाट सिफारिस नलिई सिधै यातायात व्यवस्था कार्यालयबाट रूट लिई संचालनमा रहेका सवारीका हकमा शुरूमा एकपटकका लागि बीरगञ्ज महानगरपालिकाको चौथो

वीरगंज महानगरपालिका नगरकार्यपालिकाको कार्यालय वीरगंज, पर्सा २ नं. प्रदेश (नेपाल) २०७४

प्रमुख प्रशासकिय अधिकृत

नगरसभाबाट पारित दररेट बमोजिम दर्ता सिफारिस लिई सो पश्चात नबिकरण दस्तुर असुल गरी अद्यावधिक गर्दै लगिने छ ।

ख महानगरपालिकाको सवारी दर्ता किताव अनुसूचि-२ बमोजिमको ढाँचामा हुनेछ ।

ग. नियम-६ को उप-नियम (क) बमोजिम दर्ता भएका सवारी साधनहरुले प्रत्येक साल तोकिएको दस्तुर बुझाइ नविकरण गर्नु पर्नेछ । नविकरणका लागी अनूसुचि-३ बमोजिमको ढाँचामा निबेदन दिनु पर्नेछ ।

घ. दर्ता वा नविकरण गरिने सवारी साधनको इन्जिन लगायत अन्य कन्डीसन राम्रो हुनपर्नेछ । राम्रो कन्डिसनमा नरहेको, इयाल ढोका टुटफुट भएको सवारी साधनको दर्ता/नविकरण प्रकृया रोक्का राख्न सक्नेछ ।

च. महानगरपालिकाले सवारीको साधनको वर्गिकरण गरी औचित्यताका आधारमा सवारी दर्ता शुल्क र नविकरण शुल्क तोक्नेछ । शुल्क/कर नबुझाइ सवारी साधन चलाउन पाइने छैन ।

छ. नगर कार्यापालिकामा दर्ता, बाटो ईजाजत, जाँचपास नगरी/नगराई कुनैपनि सार्वजनिक सवारी साधान संचालन गर्ने पाइनेछैन ।

ज. सवारी खरिद गर्दा खरिदकर्तालाई थोक बिक्रेताले बीरगञ्ज महानगरपालिकाबाट दर्ता नम्बर लिई नम्बर सहितको सवारी ब्लुबुक उपलब्ध गरनु पर्नै छ । यस प्रयोजनका निमित निम्न बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

अ) भन्सार प्रज्ञापन पत्र र भन्सार महसुल तिरेको रसिद ।

आ) सवारी आयतकर्ता कम्पनी वा फर्म सम्बन्धित निकायमा दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपी जस्तै- आयकर दर्ता प्रमाण-पत्र, कर चुक्ता प्रमाण-पत्र, कम्पनी दर्ता प्रमाण-पत्र आदी ।

इ) दर्ता गर्ने सवारी साधनको च्याचिस नं, ईन्जिन नं गरी सम्पुर्ण भोतिक अवस्था देखिने गरी खिचेको तस्विर

ई) सम्बन्धित सवारी साधनको बिमा गरेको कागजातहरु ।

झ. बीरगञ्ज महानगरपालिकाबाट जारी हुने ब्लुबुकको रंग आकासे निलो] (Sky Blue) हुनेछ ।

ञ. बीरगञ्ज महानगरपालिकाबाट जारी हुने बाटो ईजाजत प्रमाण-पत्रको रंग पहेंलो हुनेछ ।

ट. बीरगञ्ज महानगरपालिकाबाट जारी हुने जांचपास प्रमाण-पत्रको रंग रातो हुनेछ ।

ठ. सवारी नविकरण गर्दा महानगरपालिकाबाट तोकेको समयाबधि भित्र सम्बन्धित प्राबिधिकबाट जांचपास भई प्रमाणित भई आएपछि मात्र नबिकरण गरिनेछ ।

ड. प्रत्येक आर्थिक बर्षको असोज मसान्त भित्र सवारी नबिकरण गराउनु पर्नैछ । तोकेको समयाबधि भित्र नबिकरण नगराएमा लाग्ने शुल्क\दस्तुरमा १० प्रतिशतले जरिवाना लाग्नेछ ।

ढ. साबिकमा न.पा.बाट रूट सिफारिस नलिई सन्चालनमा रहेका टेम्पो, अटो-रिक्सा, ई-रिक्साहरूमा एकपटकका लागि शुरूमा सिट क्षमताका आधारमा न.पा. ले तोकेको तपसिलमा उल्लेखित दररेट बमोजिम राजस्व बुझाए पछि मात्र नबिकरण प्रकृया अगाडी बढाईने छ ।

१. ४ सिटर सवारीमा प्रति सवारी रू.१०,०००।–

२. ६ सिटर सवारीमा प्रति सवारी रू.१२,०००।–

३. १० जना स्कुले बालबालिका ओसार पसार गर्नै सवामा प्रति सवारी रू. १०,०००।–

४. ३५० के.जी. सम्म मालसमान ओसार पसार गर्नै ई-रिक्सा भ्यान प्रति भ्यान रू.१३,०००।–

बीरगंज महानगरपालिका नगरकार्यपालिकाको कार्यालय बीरगंज, पर्सा २ नं.प्रदेश (नेपाल) २०७४

प्रमुख प्रशासकिय अधिकृत

५. ५०० के.जी.सम्म मालसमान ओसार पसार गर्नै ई-रिक्सा भ्यान प्रति भ्यान रू.१५,०००।–

ण. तिन पाङ्ग्रे मालसमान ओसार पसार गर्नै ठेला रिक्सामा लाग्ने दर्ता दस्तुर :-

अ) १ थान मात्र ठेला रि-क्सा भएका सवारीधनीलाई शुरू दर्ता दस्तुर रू.२,५००।–

आ) १ थान देखि ५ थान सम्म ठेला रि-क्सा भएका सवारीधनीलाई शुरू दर्ता दस्तुर रू.५,०००।–
(स्कुले बालबालिका ओसार पसार र उद्योगको समान ओसार पसार गर्नैका लागी )

ई. ५ थान भन्दा बढी ठेला रिक्सा हुने सवारीधनीहरूलाई शुरू दर्ता दस्तुर रु.८,०००।–

त. आ.ब.२०७६/०७७ साल बाट महानगरपालिकामा दर्ता /नबिकरण प्रकृया गर्दा लाग्ने बिभिन्न शुल्क तथा दस्तुर :-

**अ) दर्ता गर्दा लाग्ने दस्तुरहरु :-**

१. सवारी निवेदन फारम दस्तुर रु.५०।– (सबै सवारीका लागी)

२. ई-रिकसा, टेम्पो, अटो -रिक्साको ब्लुबुक दस्तुर रु.२५०।– (प्रति ब्लुबुक)

३. ई-रिकसा, टेम्पो, अटो -रिक्साको दर्ता दस्तुर रु.५०००।–, रु.७५००।– रु.८०००।– र रु.१०,०००।- (प्रति नम्बर) (क्रमश: ४ सिटर, ६ सिटर, ३५० के.जी. कार्गो, ५०० के.जी. कार्गो)

४. ठेला, तिन पाङ्ग्रे रिक्साको ब्लुबुक दस्तुर रु.२०००।– (प्रति नम्बर)

५. ठेला, तिन पाङ्ग्रे रिक्साको ब्लुबुक दस्तुर रु.१००।– (प्रति ब्लुबुक)

**आ) बाटो ईजाजत दस्तुर :-**

१. प्रति सवारी रु.५००/- (अर्धबार्षिक)

**इ) जाँचपास दस्तुर :-**

१. प्रति सवारी रु.३००/- (अर्धवार्षिक)

जुनसुकै सवारीसाधनको सवारी जाँचपास गराउदाँ अनुसूचि-४ बमोजिमको ढाँचामा निबेदन दिनु पर्नेछ । र महानगरपालिकाले जाँचपास गरी सकेका सवारि साधनको लगत अनुसूचि-५ बमोजिमको ढाँचामा राख्नेछ ।

**ई) नबिकरण तर्फ :- (ई-रिक्सा, अटो-रिक्सा र टेम्पो)**

१. चार (४)जना यात्रु ओसार पसार गर्नै सवारीमा लाग्ने बार्षिक नबिकरण दस्तुर रु.५००।–

२. छ (६) जना यात्रु ओसार पसार गर्नै सवारीमा लाग्ने बार्षिक नबिकरण दस्तुर रु.७००।–

३. बाह (१२) जना स्कुले बच्चा ओसार पसार गर्नै सवारीमा लाग्ने बार्षिक नबिकरण दस्तुर रु.६००।–

४. ३५० के.जी. समान ओसार पसार गर्नै कार्गो ई-रिक्सामा बार्षिक रु.८००।–

५. ५०० के.जी। समाग ओसार पसार गर्नै कार्गो ई-रिक्सामा बार्षिक रु.१०००।–

**उ) तिन पाङ्ग्रे रिक्सा तथा ठेलामा लाग्ने नबिकरण दस्तुर:**

१. तिन पाङ्ग्रे सवारी ओसार पसार गर्ने रिक्सामा रु.२५०/- (वार्षिक)

२ तिन पाङ्ग्रे ठेला रिक्सा (निजी तथा भाडामा चल्ने) (मालसमान ओसारपसार गर्ने ) रु.५००/-, ७००/- र ९००/-(क्रमश: १ सवारी भएको ५ थान सम्म सवारी भएको र सो भन्दा माथी भएका सवारीधनीका लागि)

प्रमुख प्रशासकिय अधिकृत

ऊ) **सवारी नामसारी दस्तुरः-**

जुनसुकै सवारीसाधन खरीद बिक्री गरी नामसारी गर्नका लागि अनुसूचि-६ बमोजिमको फारम भरी कार्यालयमा निबेदन दिनु पर्नेछ ।

१_ ई-रिक्सा, अटो-रिक्सा र टेम्पोको लागि रु.१०००/-

२_ ब्याट्रीबाट चल्ने भाडाका रिक्सामा रु. १२००/-

३_ ब्याट्रीबाट चल्ने निजि ई-रिक्सामा रु. ८००/-

४_ ३ तिन पाङ्ग्रे रिक्साको लागि रु.२५०/-

७. सवारीको नम्बर प्लेट र संकेत राख्नु पर्ने –

प्रत्येक सवारीमा यस कार्यबिधिको अनुसूचि-०७ को ढाँचामा उल्लेख भए बमोजिम अक्षर र अङ्क सहितको नम्बर प्लेट राख्नु पर्नेछ। नम्बर प्लेटमा धातुको बिद्युतिय तथा यान्त्रिक माध्यमद्वारा अक्षर र अंक उठ्ने गरी लेख्नु पर्नेछ ।

**८. सवारी साधानले रुट इजाजत लिनु पर्नेः**

वीरगंज महानगरपालिका भित्र भाडामा चल्ने प्रत्येक सार्वजनिक सवारी साधनहरुले तोकिएबमोजिमको शुल्क तिर रुट इजाजत लिनु पर्नेछ । महानगरपालिकाको रुट इजाजत पत्र विना सार्वजनिक सवारी साधन चलाउन पाइने छैन । अर्को स्थानिय तहमा दर्ता रहेको नीजि तथा सार्वजनिक सवारी साधन यस महानगरपलिकाक्षेत्रमा नियमित रुपमा आवत जावत गर्ने भए त्यस्ता सवारी साधनले समेत रुट इजाजत लिनुपर्ने हुन्छ । सवारीधनीले बाटो ईजाजत प्रमाण-पत्र लिनका लागि अनुसूचि-८ बमोजिमको ढाँचामा निबेदन दिनु पर्नेछ ।

**९. सवारी साधन र रुट निर्धारणः**

क. महानगरपालिका भित्रचल्ने यात्रु वाहक सवारी साधनहरुको लागी सबै क्षेत्र र वडाहरुमा सार्वजनिक सवारी साधनको पहुँच पुगोस भन्ने ध्येयले बी.म.न.पा. अन्तर्गत सडक तथा यातायात ब्यबस्था शाखाबाट आबश्यक्ता अनुसार बाटो ईजाजत (रूट) थप/घट गर्न सक्नेछ .

ख. प्रत्येक यात्रु वाहक सार्वजनिक सवारी साधनले आफुले पाएको रुट इजाजत बमोजिम इजाजतपत्रमा तोकिएको रुटमा मात्र सवारी साधन चलाउनु पर्ने छ । तोकिएको रुट बाहेक अन्य रुटमा सवारी चलाउन पाइने छैन ।

ग. यो कार्यविधि बमोजिम मानिसहरुको आवागमन, सडकको अवस्था, दुरी, लगायतका अन्य आवश्यक विषयबस्तुहरुलाइ मध्यनजर गरी सरोकारवालहरु समेत सँग परामर्श गरी महानगरपालिकाले आबश्यक्ता अनुसार तय गरेका रुटहरु ( कुन रुट कहाँ बाट शुरु भइ कुन कुन ठाउँ हुदै कहाँ सम्म पुगी अन्त्य हुने हो ) तोक्ने छ । त्यसरी तोकिएका रुटहरु र त्यो रुटमा लाग्ने भाडा दर समेत देखिने गरी महानगरपालिकाले विभिन्न ठाउँमा होडीङ बोर्ड समेत लुगाउने छ ।

वीरगंज महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वीरगंज, पर्सा
२ नं.प्रदेश (नेपाल)
२०७४

प्रमुख प्रशासकिय अधिकृत

घ. माथि लेखिए बमोजिम रुट निर्धारण भइसकेपछी प्रत्येक सवारी साधनले सवारी साधनमा सजीलै देखिने गरी रुट नं लेखेर राख्नु पर्नेछ । रुट नं नलेखी सवारी चलाउन पाइने छैन ।

ङ. कायम भएको रुटमा मानिसहरुको आवत जावत र यात्रुको चाप समेतलाइ मध्यनजर गरी प्रत्येक रुटमा चल्ने सवारी साधनको संख्या तय गरिने छ । तोकिएको संख्या भन्दा बढी सवारी साधनलाइ सम्बन्धित रुटमा रुट इजाजतपत्र दिइने छैन ।

च. माथी जुन सुकै कुरा लेखिएको भएपनि तिन पाङग्रे (पाईडल) रिक्सा जुनसुकै पनि रुटमा चलाउने पाइने छ ।

**१०. पार्किङ स्थल तथा स्टपेजहरु:**

क. महानगरपालिकाले तोके बमोजिमको पार्किङ स्थलमा सवारी साधनहरु पार्किङ गर्नु पर्नेछ । तोकिए बमोजिम बाहेक अन्यत्र वा नो पार्किङ लेखिएको एरियामा निजी वा सार्वजनिक सवारी साधन पार्किङ गर्न पाइने छैन ।

ख. महानगरपालिकाले विभिन्न वर्गका सवारी साधनलाइ अलग अलग स्थानमा वा एकै ठाउँमा अलग अलग कोलम (क्षेत्र) बनाएर पार्किङ स्थल तोक्न सक्नेछ । तोकिएको पार्किङ स्थलमा सवारी राख्नु सबैको कर्तव्य हुनेछ । महानगरपालिकाले विभिन्न समयमा सुचना प्रकाशित गरी पार्किङ स्थल तोक्नेछ ।

ग. महानगरपालिकाले तोके बमोजिमको पार्किङ स्थलमा सवारी पार्किङ गर्दा प्रत्येक सवारी चालकले तोकिए बमोजिम पार्कीङ शुल्क बुझाउनु पर्नेछ ।

घ. महानगरपालिकाले पार्किङ स्थलहरु बेलाबेलामा परिवर्तन गर्न सक्नेछ । पार्किङ स्थल परिवर्तन भए पछी त्यसको सूचना गर्नु महानगरको कर्तव्य हुनेछ ।

ङ. महानगरपालिका भित्र चल्ने सबै किसिमका सार्वजनिक तथा नीजि सवारी साधनहरुले जहाँ मन लाग्यो त्यही सवारी साधन रोक्न पाइने छैन ।

च. महानगरपालिकाले जिल्ला ट्राफिक प्रहरी कार्यालय तथा सम्भव भएमा सार्वजनिक सवारी साधन संचालक हरु समेत सँग परामर्शमा गरी सार्वजनिक सवारी साधनहरुको स्टपेज तोक्ने छ । तोकिएदेखी वाहेक जहाँ पायो त्यही सवारी साधन रोक्न तथा यात्रु ओराल्ने / चढाउने गर्न पाइने छैन ।

**११. सवारी कर/शुल्क छुट दिन र अनुदान दिन सकिने:**

क. महानगरपालिकाको कार्यालय र वजार क्षेत्र सम्म सबै वडाका नागरिकको सहज आवगमनका होस भन्ने महानगरपालिकाको ध्येय रहेकाले मानिसहरु कम आवतजावत गर्ने गाउँ टोलहरुबाट वीरगंज वजारक्षेत्र सम्म सवारी चलाउने सवारी साधनलाइ प्रोत्साहित गर्न महानगरपालिकाले अवस्था हेरी कर/शुल्क छुट दिने वा निश्चित रकम अनुदान समेत दिन सक्नेछ ।

तर महानगरपालिकाको जानकारी विनानै संचालन गरेको सवारी साधनले कर शुल्क छुट वा अनुदान पाउने छैन ।

ख. महानगरपालिका र सवारी साधनका संचालक विच सम्झौता भइ सम्झौतामा लेखिएको शर्त बमोजिम सवारी साधन संचालन गर्ने सवारी साधनलाइ मात्र सम्झौतामा उल्लेख भए बमोजिम कर/शुल्क मा छुट वा अनुदान दिनेछ ।

वीरगंज महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वीरगंज, पर्सा
२ नं.प्रदेश (नेपाल)
२०७४

प्रमुख प्रशासकिय अधिकृत

ग. महानगरपालिकाले उपदफा क र ख बमोजिम सम्झौता गर्नुपुर्व सम्पुर्ण व्यहोरा खुलाइ सवारी साधनहरुका निम्ती सार्वजननिक सूचना जारी गर्नेछ।

**१२. सवारी भाडा**

महानगरपालिका भित्र चल्ने यात्रु वाहक सवारी साधनहरुको सवारी भाडा नगरपालिकाले नेपाल सरकारको नितिमा फरक नपर्ने गरी व्यवसायीहरु समेतको परामर्शमा तोक्नेछ त्यसरी तोकिएको सवारीको भाडा दर सर्वसाधारण जनताले देख्न पाउने गरी विभिन्न ठाउँमा होडीङ बोर्ड बनाइ राखिनेछ।

**१३. वने वे तोक्न र नगरवस संचालन गर्न सक्नेः**

क. महानगरपालिकामा चल्ने सवारी साधनलाइ व्यवस्थित रुपले संचालन गर्न, सवारी दुर्घटना तथा जाम लाइ न्यून गर्न महानगरपालिकाले ट्राफिक प्रहरी कार्यालयको समन्वयमा वने वे तोक्न सक्नेछ। त्यसरी तोकिएको वन वे को पालन गर्नु सबैको कर्तव्य हुनेछ। भारी सवारी साधनहरु नगरको मुल सडक ( शहिद तेज बडादुर अमात्य चोक देखि दक्षिण रजत जयन्ती चोक) भित्र बिहान ७.०० देखि राती ९.०० बजे सम्म प्रवेश निषेध गरिएको छ।

ख. महानगरपलिकाले महानगर भरी यातायात व्यवस्थाको पहुँच कायम राख्न अवस्था हेरी आफु एक्लै वा अन्य व्यवसायीक समुह र वा व्यक्ती सँग मिलेर समेत नगर बस संचालन गर्न सक्नेछ ।

ग. त्यसरी नगर बस संचालन गर्दा दुइ पक्ष विच भएको सम्झौता बमोजिम हुनेछ।

**१४. दण्ड जरिवना**

क. यो कार्यविधिको दफा ६ को क र घ मा उल्लेखित व्यवस्थाको उल्लघंन गरी सवारी चलाउने लाइ प्रथम पटक १०००/- जरिवना गरी सवारी दर्ता गर्न लगाएर मात्र संचालन गर्न दिइने छ। उक्त जरिवना नबुझाए सम्म नगरभित्र सवारी साधन संचालनमा रोक लगाउन सकिनेछ।

ख. यो कार्यविधिको दफा ८ बमोजिम कुनै पनि सार्वजनिक सवारी साधनले रुट इजाजत पत्र नलिइ सवारी चलाएको पाइएमा त्यो सवारी साधनलाइ तत्कालै रु १५००/- जरिवना गरिनेछ। दोस्रो पटक पनि यो नियम उल्लंघन गरेमा रु ३०००/- जरिवना गरिनेछ।

ग. यो कार्यविधिको दफा ९ को उपदफा ख विपरित सवारी साधन चलाएमा प्रत्येक पटक रु १०००/- जरिवना लाग्नेछ।

घ. कार्यविधिको दफा १० क, ङ र च को कसुर गर्ने सवारीलाइ प्रत्येक पटक रु ५००/- जरिवना लाग्नेछ।

ङ. नगरपालिका भित्र चल्ने सवारी साधनहरुले यो कार्यविधि वर्खिलाप काम गरेको पाइएमा अख्तियारी पाएको बीरगञ्ज महानगरपालिका तथा ट्राफीक प्रहरीलाइ कार्यविधिमा लेखिए बमोजिम जरिवना असूल गर्ने अधिकार रहनेछ।

१५. संघीय सरकारको कानून सँग बाझिएको हद सम्म यो कार्यविधि निष्कृय हुनेछ।

बीरगंज महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बीरगंज, पर्सा
२ नं.प्रदेश (नेपाल)
२०७४

१६.  यो कार्यविधिको व्याख्या गर्ने अधिकार वीरगंज महानगरपालिकालाई हुनेछ ।

१७.  आवश्यक्ता अनुसार यो कार्यविधिमा संशोधन र थपघट गर्न सकिनेछ ।

१८.  यो कार्याविधि कार्यान्वयनका लागी यसको मुल मर्ममा फरक नपर्ने गरी नगर कार्यापालिकाको कार्यालयको सम्बन्धित शाखाले आवश्यक्ता बमोजिमको विभिन्न ढाँचाका निबेदन, फारम, प्रमाणपत्र इत्यादी तयार गरी कार्यन्वयन गर्न सक्ने छ ।

१९.  यातायात तथा सवारी व्यवस्थापन कार्याविधि २०७५ लाइ खारेज गरिएको छ ।

**प्रमाणिकरण मिति २०७६/०५/१७**

**राजपत्रमा प्रकाशन मितिः**

**आज्ञाले,**

**उमेश बस्नेत**

**प्रमुख प्रशासकिय अधिकृत**

प्रमुख प्रशासकिय अधिकृत

अनुसूची- १

(नियम ६ (क) सँग सम्बन्धित)

सवारी दर्ता दरखास्त फारम :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
वीरगञ्ज, पर्सा ।

मेरो/हाम्रो नाममा खरिद भएको निम्न विवरण भएको सवारी शुरु दर्ता गराउनका लागि लाग्ने दस्तुर र चाहिने अन्य निस्सा प्रमाणहरू यसै साथ राखी पेश गरेको छु/छौं । उक्त सवारी जाँच गरी मेरो र हाम्रो नाममा दर्ता गरी दर्ता प्रमाणपत्र पाउन दरखास्त दिएको छु/छौं ।

१. सवारीधनीको (व्यक्ति, फर्म, कम्पनी वा संस्था) को नाम थर -

२. ठेगाना :- (क) स्थायी -

(ख) अस्थायी -

३. पिता वा पतिको नामथर (व्यक्ति भएमा) -

४. सवारीमा भएको दर्ता नं (साविकको) -

५. सवारीको किसिम -

६. सवारी बनाउने कम्पनीको नाम -

७. सवारीको मोडेल नं. (निर्माण भएको साल) -

८. सिलिण्डर संख्या -

९. हर्ष पावर सि.सि. -

१०. सवारीको ईञ्जिन नं. -

११. सवारीको चेसिस नं. -

१२. सवारीको रङ :- (क) बडिको रङ -

(ख) सिसाको रङ -

१३. प्रयोग गर्ने इन्धनको किसिम -

१४. सवारीमा जडान भएको इलेक्ट्रोनिक संचारको उपकरण (रेडियो, क्यासेट, टेलिफोन आदि)

वीरगंज महानगरपालिका नगरकार्यपालिकाको कार्यालय वीरगंज, पर्सा २ नं. प्रदेश (नेपाल) २०७४

प्रमुख प्रशासकिय अधिकृत

१५. सवारीको वजन क्षमता :-(क) कुल वजन -

(ख) भारवहन क्षमता -

(ग) सिट संख्या -

१६. प्रयोग -

१७. चलाउने क्षेत्र -

१८. भन्सार तिरेको निस्सा :-

(क) भन्सार कार्यालयको नाम -

(ख) प्रज्ञापन पत्र नं. -

(ग) रसिद नं. -

(घ) मिति : -

१९. प्रवेश दर्ता प्रमाण पत्रको निस्सा :-

(क) प्रवेश पत्र दिने प्रहरी कार्यालयको नाम -

(ख) प्रवेश पत्र दिएको मिति -

(ग) प्रवेश पत्र नं.

२०. झिकाउने इजाजत पाएको निस्सा :-

(क) निस्सा दिने कार्यालय -

(ख) निस्सा प्रमाणपत्र नं. -

(ग) मिति -

२१. अन्य प्रमाणको विवरण -

दरखास्तवालाको -

सही -

नाम थर -

ठेगाना -

मिति -

वीरगंज महानगरपालिका नगरकार्यपालिकाको कार्यालय वीरगंज, पर्सा २ नं. प्रदेश (नेपाल) २०७४

प्रमुख प्रशासकिय अधिकृत

कार्यालय प्रयोजनको लागि:

सवारी निरीक्षणको व्यहोरा

प्रदान गरिएको दर्ता नं.

दर्ता मिति -

माथि उल्लेखित सम्पूर्ण विवरणहरूका साथै प्राविधिक प्रतिवेदनबाट सवारी दर्ता गर्न उपयुक्त देखिएकोले निर्णयार्थ पेश गर्ने ।

| निरीक्षण गर्ने प्राविधिकको सही | फाँटवालाको सही | दर्ता गर्ने अधिकारीको सही |
|---|---|---|

वीरगंज महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वीरगंज, पर्सा
२ नं. प्रदेश (नेपाल)
२०७४

प्रमुख प्रशासकिय अधिकृत

अनुसूची- ०२

(नियम ६ को (ख) सँग सम्बन्धित)

सवारी दर्ता किताब

वरिगञ्ज महानगरपालिका

सडक तथा यातायात व्यवस्था शाखा

वीरगञ्ज, पर्सा ।

सवारी दर्ता नं. -

सवारीको किसिम -

सवारीको दर्ता मिति -

सवारी दर्ता लगत (विवरण)

सवारी धनीको फोटो

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

वीरगंज महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वीरगंज, पर्सा
२ नं. प्रदेश (नेपाल)
२०७४

प्रमुख प्रशासकिय अधिकृत

## सवारीको नामसारी सवारीको दर्ता प्र.प.को नवीकरण

| सवारीको विस्तृत विवरण | सवारी दर्ता गराउने निस्साहरुको वीरवरण | सवारीधनी को नाम, थर, ठेगाना | सवारीधनीको दस्तखत | सवारीको नामसारी | | सवारी दर्ता प.प.को नविकरण | | रकम दाखिला गरेको रसिद र. न./मिति | फाँटवालाको दस्तखत | सवारी नामसारी/नविकरण प्रमाणित गर्ने अधिकृतको दसतखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | विक्री गर्नेको सही | खरिद गर्नेको सही | नविकरण मिति | म्याद पुग्ने मिति | | | | |
| १.सवारीको दर्ता नं.<br>२.सवारी दर्ता मितिः-<br>३.सवारी मोडेल -निर्माण भएको वर्ष<br>४.वनाउने कम्पनी<br>५.सिलिण्डर संख्या<br>६.हर्ष, सि.सि.<br>७.कुल वजन<br>८.सिट क्षमता<br>९.चेचिस नं.<br>१०.ईन्जिन नं. | १.भन्सार तिरेको निस्सा<br>क.भन्सार कार्यालयको नाम<br>ख.प्रज्ञापन पत्र नं.<br>ग.रसिद नं.<br>घ.मिति<br>ङ. अन्य<br>२. प्रवेश दर्ताको निस्सा<br>क.प्रवेश दर्ता गर्ने कार्यालयको नाम<br>ख.प्रवेश पत्र नं.<br>ग.मिति<br>घ.अन्य<br>ङ. भिकाउन पाएको निस्सा | | | | | | | | | | |
| ११.व्लक नं.:<br>१२.सवारीको रङ<br>क) सिसाको रङ<br>ख) चेसिसको रङ<br>१३.चेसिसको<br>क) लम्वाई-<br>ख) चौडाई-<br>१४.वडिको :<br>क) लम्वाई-<br>ख) चौडाई-<br>ग) उचाई-<br>१५.ईन्धनको किसिम<br>१६. सवारीमा भएको ईलोक्ट्रोनिक संचारको उपकरण<br>१७.अन्य प्राविधिक विवरण<br>१८.प्रयोग<br>१९.चलाउने इलाका<br>२०.प्रदुषणको प्रमाण पत्र | ३.<br>क)भिकाउन ईजाजत दिने कार्यालय<br>ख)इजाजत पत्र नं.<br>ग)इजाजत दिएको मिति<br>४) खरिद भै आएको मानिस वा कम्पनीको विवरण:<br>क) विक्रेताको नाम<br>ख) विक्री वा खरिद भएको मिति<br>ग)प्रमाणित गर्ने व्यक्ति वा निकाय<br>घ)साविक विदेशी नं.<br>५. अन्य | | | | | | | | | | |

निरीक्षण गर्ने प्राविधिकको सही　　　　फाँटवालाको सही　　　　कार्यालय प्रमुखको सही

वीरगंज महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वीरगंज, पर्सा
२ नं.प्रदेश (नेपाल)
२०७४

प्रमुख प्रशासकिय अधिकृत

अनुसूची-०३

(नियम ६ को (ग) सँग सम्बन्धित)
दर्ता प्रमाण पत्र नवीकरण गराउने दरखास्त फारमः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
वी.म.न.पा.

मेरो/हाम्रो नाममा दर्ता भएको निम्न विवरण भएको सवारीको दर्ता प्रमाण पत्रको नवीकरणको लागि लाग्ने दस्तुर र अन्य आवश्यक निस्सा यसै साथ संलग्न गरी दरखास्त दिएको छु/दिएका छौं ।

१. सवारी दर्ता नं. -
२. सवारीको किसिम -
३. सवारी धनीको नाम थर -
४. सवारी नविकरण म्याद समाप्त भएको मिति -
५. सवारी दर्ता प्रमाण पत्र नविकरण गर्नु पर्ने अवधि -
६. सवारी साधन आयकर बुझाएको निस्सा -
   (क) सवारी आयकर बुझाएको कार्यालय -
   (ख) सवारी आयकर बुझाएको अवधि -
   (ग) रसिद वा भौचर नं. -
   (घ) मिति -
७. भाडाका सवारीको लागि बाटो इजाजत पत्र -
   (क) बाटो इजाजत पत्र दिने कार्यालय -
   (ख) बाटो इजाजत पत्र पाएको क्षेत्र -
   (ग) बाटो इजाजत पत्र पाएको अवधि -
   (घ) बाटो इजाजत पत्र लिएको मिति -
८. प्रदुषण जाँच प्रमाण पत्र लिनु पर्ने सवारी भए -
   (क) प्रदुषण जाँच गर्ने कार्यालय -
   (ख) प्रदुषण प्रमाण पत्र दिएको मिति -
   (ग) प्रदुषण जाँच प्रमाण पत्र प्राप्त गरेको अवधि -
९. अन्य -

दरखास्तवालाको सही -
नाम थर -
ठेगाना -
मिति -

वीरगंज महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वीरगंज, पर्सा
२ नं. प्रदेश (नेपाल)
२०७४

प्रमुख प्रशासकिय अधिकृत

अनुसूची-०४

(नियम ६ (त) (इ) सँग सम्बन्धित)

जाँचपास गराउनका लागि दिइने दरखास्त फरम

श्रीमान् ..............................ज्यू
वी.म.न.पा.

निम्न विवरण भएको सवारीको जाँचपास प्रमाण पत्र पाउनका लागि लाग्ने दस्तुर र अन्य आवश्यक कागजपत्र सहित दरखास्त दिएको छु। सवारीको जाँच गरी नियमानुसार जाँचपास प्रमाण पत्र पाउँ।

१. यातायात सेवाको नाम -
२. सवारी धनीको नाम, थर र ठेगाना -
३. सवारी व्यवस्थापकको नाम र ठेगाना -
४. सवारी दर्ता नं. र मिति -
५. सवारीको किसिम -
६. पहिले बाटो इजाजत पत्र लिएको भए सो को विवरण -
(क) सवारीले पाएको बाटो इजाजत पत्र नं. र वहाल अवधि -
(ख) बाटो इजाजत पाएको क्षेत्र -
(ग) बाटो इजाजत दिने कार्यालय -
७. पहिले जाँचपास प्रमाण पत्र लिएको भए सो को विवरण -
८. जाँचपास प्रमाण पत्र लिने अवधि :- मिति - देखि सम्म
९. सवारी मर्मत संभार गर्ने गरेको वर्कसपको नाम,
ठेगाना
अनुमतिपत्र नं.
अनुमति प्राप्त मिति :-
१०. दस्तुर -

दरखास्तवालाको सही -
नाम थर -
ठेगाना -
मिति -

११. दरखास्तवाला सवारी चालक-परिचालक भए निजको नाम, थर, ठेगाना र अनुमति पत्र नं.-
१२. अन्य -

वीरगंज महानगरपालिका नगरकार्यपालिकाको कार्यालय वीरगंज, पर्सा २ नं. प्रदेश (नेपाल) २०७४

प्रमुख प्रशासकिय अधिकृत

अनुसूची-५
(नियम ६ (त) (ई) सँग सम्बन्धित)
जाँचपास किताब

| क्र. सं. | मिति | सवारी धनीको नाम थर | सवारिको दर्ता नं. | दर्ता नं. | बनेको साल | मोडेल | बनाउने कम्पनि | इन्धन को किसिम | किसिम चेसिस नं. | इन्जिन नं. | धुवाँको मात्रा | पुन:जाँच पासको विवरण | जाँचपास स्थलको विवरण | जाँचपास वहाल अवधि | चढाउनेको सह | प्रमाणित गर्नेको सही |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |

वीरगंज महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वीरगंज, पर्सा
२ नं. प्रदेश (नेपाल)
२०७४

प्रमुख प्रशासकिय अधिकृत

अनुसूची-०६
(नियम ६ (त) (ऊ) सँग सम्बन्धित)
सवारी नामसारी दरखास्त फारम :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
वी.म.न.पा.

लिखितम मेरो/हाम्रो नाममा दर्ता भई मेरो/हाम्रो हक भोगमा रहेको इ.नं. चेसिस नं............मोडेल नं.............भएको...........अ..........नं. को सवारीलाई मैंले-हामीले निम्न लिखित नाम थर ठेगाना भएको व्यक्ति-व्यक्तिहरू-फर्म-कम्पनी-संस्थालाई किनाराका साक्षीको रोहवरमा रु................................अक्षरेपी...................मा लिलाम-बिक्री-उपहार-वकस गरी दिएको हुनाले उक्त सवारी निज-निजहरूको नाममा नामसारी गरि दिनु हुन अनुरोध गर्दछु/गर्छौं । माथिको व्यहोरा फरक परि बिक्री-लिलाम-उपहार-वकस गरेको भएमा कानून बमोजिम सहुँला बुझाउँला ।

औंठाको छाप

| दायाँ | वायाँ |
|---|---|
| | |

बिक्री-लिलाम-उपहार-वकस गरिदिनेको सही -
नाम थर -
वर्ष -
ठेगाना -
अञ्चल -
जिल्ला -
गा.वि.स.-न.पा.-उ.म.न.पा.-म.न.पा -
वडा नं.
टोल -
फोन नं. -
बाबु-पतिको नाम -
बाजेको नाम -

साक्षी
१.
२.

उपर्युक्त बमोजिमको सवारी साधन माथि उल्लेखित व्यक्ति-व्यक्तिहरू-फर्म-कम्पनी-संस्थाबाट मैले-हामीले खरिद-लिलाम सकार-उपहार-वकस-हकभोग कायम गरी लिएको हो ।

वीरगंज महानगरपालिका नगरकार्यपालिकाको कार्यालय वीरगंज, पर्सा २ नं. प्रदेश (नेपाल) २०७४

प्रमुख प्रशासकिय अधिकृत

यसमा कुनै फरक पर्ने छैन । फरक पारी लेनदेन गरेको ठहरी यो नामसारी बदर भएमा कानून बमोजिम दण्ड सजाय गरेमा सहन बुझाउन तयार छु-छौं ।

औंठाको छाप

| | |
|---|---|
| | |

खरिद गर्ने-लिलाम सकार गर्ने-उपहार-
वकस पाउनेको सही -
नाम थर -
वर्ष -
ठेगाना -
अञ्चल - जिल्लाः-
गा.वि.स./न.पा./उ.म.न.पा./म.न.पा - वडा नं. टोल -
फोन नं. -
बाबु-पतिको नाम -
बाजेको नाम -

लेखक -
पेश भएका कागजपत्रहरू
१. लिने दिने दुबैका नागरिकता -
(क) दिनेको - जिल्ला
नागरिकता नं. -
(ख) लिनेको - जिल्ला
नागरिकता नं. -
२. सवारी आयकर तिरेको प्रमाण -
(क) सवारी आयकर बुझाएको कार्यालय -
(ख) मिति -
(ग) अवधि -
(घ) रसिद वा भौचर नं. -
३. सार्वजनिक सवारी भए बाटो इजाजत लिएको प्रमाण पत्र -
(क) दिने कार्यालय -
(ख) पाएको क्षेत्र -
(ग) पाएको मिति -
(घ) अवधि -
४. संस्था-फर्म-कम्पनीको नाममा लेनदेन भएको भए सम्बन्धितको पत्र -
(क) पत्र संख्या च. नं...................मिति.......................
५. वारिसनामा वा प्रतिनिधि तोकि आएको भए सो को पत्र, प्रमाण तथा नगारिकताको वा परिचय पत्रको प्रमाणित प्रतिलिपि
६. नामसारीको लागि बुझाएको दस्तुरको रसिद नं..............र मिति....................



वीरगंज महानगरपालिका नगरकार्यपालिकाको कार्यालय वीरगंज, पर्सा २ नं.प्रदेश (नेपाल) २०७४

प्रमुख प्रशासकिय अधिकृत

७. श्रम ऐन, २०४८ को दफा ४७ को उपदफा (१) को खण्ड (ज) बमोजिम सम्बन्धित कामदार वा कर्मचारीलाई तिर्नुपर्ने रकम बुझाएको प्रमाण ।

८. अन्य प्रमाणहरू -

(क) सवारी जाँचपास प्रमाणपत्र

(ख) सवारी प्रदुषण प्रमाणपत्र

इति सम्बत २०..........साल............ महिना ...... गते रोज.....शुभम्.............

कार्यालय प्रयोजनका लागि

सवारी जाँच प्रतिवेदनको व्यहोरा

....................................

सवारी जाँच्ने प्राविधिकको सही

उपर्युक्त बमोजिम लेनदेनको मन्जुरी गरी मेरो रोहवरमा सही-सनाखत गरेको र उल्लेखित कागजपत्रहरू समेत पेश गरी सकेको हुँदा नामसारी गरिदिन पेश गरेको छु ।

फाँटवालाको सही -

नाम थर -

मिति -

नामसारी सदर गरी प्रमाणित गरिदिने अधिकारीको

सही -

नाम थर -

मिति -

द्रष्टव्य :-उपर्युक्त बमोजिम नामसारी दरखास्त फारम नेपाली कागजमा छपाइएको हुनु पर्नेछ ।

वीरगंज महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वीरगंज, पर्सा
२ नं.प्रदेश (नेपाल)
२०७४

प्रमुख प्रशासकिय अधिकृत

अनुसूची -०७

(नियम ७ सँग सम्बन्धित)

सवारीको नम्बर प्लेटको संकेत (अक्षर र अङ्क)

महानगरपालिकाले साना सवारी साधन (ई-रिक्सा, टेम्पो, अटो-रिक्सा आदि जस्ता तीनपाङ्गे) निजी, सार्वजनिक, सरकारी, संस्थान, पर्यटक बोक्ने सवारीलाई नम्बर प्लेटको संकेत प्रदान गर्दा खण्ड (क) मा उल्लेख भए बमोजिम (स ह क्ष त्र प) गर्नेछ।

नम्बरप्लेटको स्वरूप :

१. सवारीमा राख्ने नम्बरप्लेट कम्तीमा पनि २० गेजको धातुबाट बनेको पातामा तल द्रष्टब्यमा लेखे बमोजिमको साइजमा हुनु पर्नेछ ।

२. माथि १ नं बमोजिम पातामा कार्यविधिमा तोकिए वमोजिमको रङ्ग अनुसारका अङ्क र अक्षर देवनागरी लिपिमा स्पष्ट रूपमा लेखिएको हुनु पर्नेछ ।

३. नम्बर प्लेटमा बढीमा तेह्र (१३) वटासम्म अङ्क र अक्षर रहने छन् जसलाई तल र माथि गरी दुई लाईनमा निम्नानुसार राखिनु पर्नेछ ।

(क) माथिल्लो लाइनको शुरुमा सवारी दर्ता गर्ने कार्यालयको संकेत अक्षर र त्यसपछि सवारी समूह जनाउन अङ्क लेखिनु पर्नेछ । यस्तो सवारी समूह जनाउने अङ्क आवश्यकता अनुसार १ देखि ९९ सम्म हुनेछ । यस्तो अङ्क पछि सवारीको किसिम जनाउने संकेत अक्षर लेख्नु पर्नेछ ।

(ख) तल्लो लाइनमा सवारीको दर्ता नम्बर लेख्नु पर्नेछ, यस्तो दर्ता नम्बर एउटा संकेत अक्षरमा बढीमा चार अङ्कसम्म (१ देखि ९९९९ सम्म) मात्र हुनेछ । प्रयोग अनुसार कुनै एक संकेत अक्षरमा चार अङ्कको सबैभन्दा ठूलो संख्या (९९९९) पुगेपछि क्रमशः अर्को संकेत अक्षर दिई त्यसमा पनि १ देखि ९९९९ सम्म दिदै जानु पर्नेछ ।

**खण्ड (क)**

सार्वजनिक सवारी कालो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनुपर्नेछ ।

**खण्ड (ख)**

पर्यटक सवारी :- हरियो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

**खण्ड ((ग)**

निजी सवारी - रातो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

**खण्ड ((घ)**

सरकारी सवारी- सेतो प्लेटमा रातो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

**खण्ड ((ङ)**

संगठित संस्था वा संस्थानको सवारी- पहेँलो प्लेटमा नीलो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

द्रष्टव्य :

१. तीनपाङग्रे साना सवारी टेम्पो आदिको नम्वर प्लेटको साइज १०“ × ७“ हुनु पर्नेछ ।

२. नम्बर प्लेटमा लेखिने अक्षर र अङ्क तीनपाङग्रे टेम्पो आदिको २ इन्च अग्लो र १/२ इन्च मोटो हुनु पर्नेछ ।

३. नम्बर प्लेटको चारैतिर १/२ इन्च छाडेर अङ्क र अक्षर लेख्नु पर्नेछ । अङ्क र अक्षरको बीचको दूरी कम्तिमा पनि १/४ इन्च तथा तल्लो र माथिल्लो लाइनको दूरी कम्तिमा १/२ इन्च पनि हुनु पर्नेछ ।



बीरगंज महानगरपालिका नगरकार्यपालिकाको कार्यालय बीरगंज, पर्सा २ नं प्रदेश (नेपाल) २०७४

प्रमुख प्रशासकिय अधिकृत

अनुसूची-८

(नियम ८ सँग सम्बन्धित)

बाटो इजाजत पत्रको दरखास्त फारमः

श्रीमान् ..............................ज्यू

............................।

निम्न अनुसारको यातायात सेवाको सवारीलाई निम्न अनुसारको बाटो इजाजत पत्र पाउनका लागि लाग्ने दस्तुर र आवश्यक प्रमाण पत्रहरू राखी दरखास्त दिएको छु । नियमानुसार बाटोको इजाजतपत्र पाउँ ।

१. यातायात सेवाको विवरण -

(क) यातायात सेवाको नाम -

(ख) यातायात सेवा दर्ता मिति -

(ग) यातायात सेवाको नवीकरण अवधि -

(घ) यातायात सेवा दर्ता गर्ने कार्यालय -

(ङ) यातायात सेवा रहेको मुख्य कार्यालयको स्थान र फो. नं. -

(च) अन्य

२. सवारी धनीको विवरण -

(क) सवारी धनीको नाम थर -

(ख) ठेगाना -

(ग) सवारी व्यवस्थापकको नाम थर -

(घ) सवारी व्यवस्थापकको ठेगाना -

३. सवारीको विवरण -

(क) सवारी नं. -

(ख) दर्ता मिति -

(ग) सवारीको किसिम -

(घ) सवारीको इन्जिन नं. -

(ङ) सवारीको चेसिस नं. -

(च) सवारीको मोडेल नं. ......... निर्माता कम्पनी :-

(अ) मोडेल :-

(आ) निर्माता कम्पनी -

(छ) निर्माण भएको साल -

(ज) सवारीको वजन क्षमता -

(अ) कुल वजन -

(आ) भारवाहन क्षमता -

(ई) सिट क्षमता -

(झ) अन्य -

४. सवारीको बाटो इजाजत पत्र माग गरेको क्षेत्र वा बाटोको विवरण -

(क)

वीरगंज महानगरपालिका नगरकार्यपालिकाको कार्यालय वीरगंज, पर्सा २ नं. प्रदेश (नेपाल) २०७४

प्रमुख प्रशासकिय अधिकृत

(ख)
(ग)
(घ)
(ङ)
(च)

५. यस अघि कुनै कार्यालयबाट बाटो इजाजत पत्र प्राप्त गरेको भए सो को विवरण -
(क) पाएको बाटो -
(ख) इजाजत पत्र पाएको नं. ............... मिति -
(ग) बहाल अवधि -
(घ) इजाजत दिने कार्यालय -
(ङ) सहमति पत्र पाएको मिति -

६. जाँचपास सम्बन्धी विवरण -
(क) जाँचपास भएको मिति
अवधि -
मिति - ................ देखि.................... सम्म ।
(ख) जाँचपास गरिदिने कार्यालय -

७. सवारी बीमा सम्बन्धी विवरण -
(क) सवारी बीमा :-
(अ) बीमा भएको मिति -
(आ) अवधि -
(इ) बीमा गर्ने कम्पनी वा निकाय -
(ख) यात्रु बीमा :-
(अ) बीमा भएको मिति -
(आ) अवधि -
(इ) बीमा गर्ने कम्पनी वा निकाय -
(ग) मजदुर बीमा :-
(अ) बीमा भएको मिति -
(आ) अवधि -
(इ) बीमा गर्ने कम्पनी वा निकाय -
(घ) तेस्रो पक्ष बीमा :-
(अ) बीमा भएको मिति -
(आ) अवधि -
(इ) बीमा गर्ने कम्पनी वा निकाय -
(ङ) यात्री गुण्टा बीमा :-
(अ) बीमा भएको मिति -
(आ) अवधि -
(इ) बीमा गर्ने कम्पनी वा निकाय -

८. सवारीमा काम गर्ने कर्मचारीको विवरण -
(क) चालक :-
(अ) नाम थर -
(आ) ठेगाना -

वीरगंज महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वीरगंज, पर्सा
२ नं.प्रदेश (नेपाल)
२०७४

प्रमुख प्रशासकिय अधिकृत

(इ) अनुमतिपत्र दिने कार्यालय
(ई) अनुमतिपत्र नं. -

(ख) परिचालक :-
(अ) नाम थर -
(आ) ठेगाना -
(इ) अनुमतिपत्र दिने कार्यालय
(ई) अनुमतिपत्र नं. -

(ग) अन्य कर्मचारी :-
अ) नाम थर -
(आ) ठेगाना -
(इ) अनुमतिपत्र दिने कार्यालय
(ई) अनुमतिपत्र नं. -

९. यात्री बाहक सवारी भएमा टिकट काउन्टर रहने स्थान -
१०. सवारी नचलेको समयमा वा अवधिमा सवारी पार्कि• गर्ने स्थान -
११. अन्य विवरण -
(क)
(ख)
(ग)
(घ)
ङ)

दरखास्तवालाको सही -
नाम थर -
ठेगाना -
मिति -

**कार्यालय प्रयोजनको लागि**

(१) उक्त सवारीले माग गरेको बाटोको इजाजत पत्र दिन सकिने - नसकिने विवरण खुलाउने-
(क) बाटो इजाजत पत्र दिन नसकिने भए सो को कारण खुलाउने -
अ)
आ)
(इ)
(ख) बाटो इजाजत पत्र दिन सकिने भए कुन कुन बाटोको इजाजत पत्र दिने हो सो खुलाउने -
(क)
(ख)

वीरगंज महानगरपालिका नगरकार्यपालिकाको कार्यालय वीरगंज, पर्सा २ नं. प्रदेश (नेपाल) २०७४

प्रमुख प्रशासकिय अधिकृत

(ग)
(घ)
(ङ)
(च)

२. बाटो इजाजत पत्र नं. -
३. बाटो इजाजत पत्रको दस्तुर रु. -.................. भौचर नं.... रसिद नं. -
४. संलग्न कागज पत्रहरू -
५. अन्य विवरण -

............................................................          ................................................
बाटो इजाजत दिन सिफारिस गर्ने फाँटवालाको सही          बाटो इजाजत दिने अधिकारीको सही

वीरगंज महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वीरगंज, पर्सा
२ नं. प्रदेश (नेपाल)
२०७४

प्रमुख प्रशासकिय अधिकृत